# नेपाल नागरिक उड्डयन प्राधिकरण
## कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी (पन्ध्रौं संशोधन) नियमावली, २०७२

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनाएको छ :

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी (पन्ध्रौ संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम २.७ मा संशोधनः** नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ ( यसपछि "मूल नियमावली" भनिएको) को नियम २.७ को सट्टामा देहायको नियम २.७ राखिएको छः-

"२.७ **सेवा समूह वा उपसमूह परिवर्तनः** (१) प्राधिकरणलाई आवश्यक भएमा समितिले देहायको अवस्थामा सेवाको एक समूह वा उपसमूहका कर्मचारीलाई अर्को सेवामा वा सोही सेवाको अर्को समूह वा उपसमूह अन्तरगतको समान तहको पदमा कर्मचारीको कार्यानुभव र कार्यक्षमताको आधारमा पदपूर्ति समितिबाट लिखित र मौखिक परीक्षा लिई सेवा, समूह वा उपसमूह परिवर्तन गर्नसक्नेछ ।

(क) परिवर्तन हुने सेवा, समूह वा उपसमूहको पदको निमित्त आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि अनुसूची ६ मा तोकिएको शैक्षिक योग्यता तथा तालिम प्राप्त भएको हुनु पर्नेछ ।

(ख) यसरी सेवा समूह वा उपसमूह परिवर्तन गर्दा कर्मचारीको हाल बहाल रहेको सेवा, समूह वा उपसमूहको समान तहको पदमा १ वर्षको कार्यानुभव सहित ७ वर्ष स्थायी सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

(२) कुनै पनि कर्मचारीको सेवा अवधि भरमा एक पटक भन्दा बढी सेवा समूह वा उपसमूह परिवर्तन गरिने छैन ।"

३. **मूल नियमावलीको नियम ३.२ मा संशोधनः** मूल नियमावलीको नियम ३.२ उपनियम (१) को,-

(१) पदपूर्ति सम्बन्धी तालीकामा देहायका पदहरु देहाय बमोजिम हुने गरी संशोधन गरिएको छः-

| तह | खुल्ला | आन्तरिक | कार्य क्षमताको आधारमा |
|---|---|---|---|
| सहायक पहिलो तह (प्र.) | झिकिएको | | |
| सहायक तेस्रो तह (प्र.) | विशेष बढुवाद्वारा | | |
| सेवा/समुहीकृत नहुने वा मिश्रित सेवा समूह भएका सबै तहका पदहरु | | | १०० |

**(२)** पदपूर्ति सम्बन्धी तालिका मुनि देहाय बमोजिमको द्रष्टव्य थप गर्नेः-

**"द्रष्टव्य** (१) साविक नियमहरुमा भएको व्यवस्था अनुसार पदपूर्तिका लागि सूचना प्रकाशित भैसकेको अवस्थामा नियमावली (माथिको तालीका) मा भएको यो संशोधन व्यवस्थाले कुनै वाधा पार्नेछैन ।

(२) नियम ४.१३क मा व्यवस्था भए अनुसार खुला प्रतियागिताव्दारा पदपूर्ति गर्न माथिको तालीकामा भएको व्यवस्थाले कुनै वाधा पार्ने छैन ।

**(३)** प्रतिवन्धात्मक वाक्यांशमा रहेको 'तर' भन्ने शव्द हटाई सो वाक्यलाई खण्ड (क) कायम गरिएको छ ।

(४) खण्ड (क) पछि देहायको खण्ड (ख) थपिएको छः-

"(ख) सेवा/समूहीकृत नहुने वा मिश्रित सेवा समूह भएका सवै तहका पदहरुमा कार्यक्षमताको आधारमा बढुवाको माध्यमबाट पदपूर्ति गरिने छ ।"

४. **मूल नियमावलीमा नियम ३.२क थपः** मूल नियमावलीको नियम ३.२ पछि देहायको नियम ३.२क थपिएको छः-

"३.२क. **पदपूर्तिको लागि माग गर्ने व्यवस्थाः** पदपूर्तिको लागि माग गर्दा चालु आ.व.को पौष मसान्तसम्म रिक्त हुने पद समावेश गरिनेछ । "

५. **मूल नियमावलीको नियम ३.३ मा संशोधनः** मूल नियमावलीको नियम ३.३ को,-

(१) उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "(घ) र" भन्ने शव्दहरु झिक्ने ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

" (४) पदपूर्ति समितिले अन्तर्वार्ता लिने प्रयोजनको लागि देहाय बमोजिमको एक अन्तर्वार्ता समिति गठन गर्नेछ। उक्त अन्तर्वार्ता समितिमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने काममा संलग्न कुनै पनि पदाधिकारी रहने छैनन् ।

| | | |
|---|---|---|
| (क) | पदपूर्ति समितिले तोकेको उपमहानिर्देशक स्तरको कर्मचारी | - अध्यक्ष |
| (ख) | प्रतिनिधि लोक सेवा आयोग | - सदस्य |
| (ग) | प्रतिनिधि मन्त्रालय | - सदस्य |
| (घ) | पदपूर्ति समितिले तोकेको सम्बन्धित विषयको विज्ञ | - सदस्य |
| (ङ) | प्रतिनिधि,प्रशासन विभाग | - सदस्य सचिव" |

(३) उपनियम (७) पछि देहायको उपनियम (८) थप गरिएको छः-

"(८) तह १० वा सो भन्दा माथिको पदपूर्ति गर्ने सम्बन्धमा गठन हुने पदपूर्ति समिति र अन्तर्वार्ता समितिमा प्रतिनिधि सदस्यको रुपमा निजामति सेवाका पदाधिकारी उपस्थित हुने भएमा सहसचिव वा सो सरहको कर्मचारी भन्दा मुनीको कर्मचारी सदस्य हुनेछैन ।"

६. **मूल नियमावलीको नियम ३.६ मा संशोधनः** मूल नियमावलीको नियम ३.६ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

" (४) नियम ३.२ को उपनियम (२) अन्तर्गतको स्पष्टीकरणको बुंदा नं. (३) बमोजिम तोकिएका अपाङ्गता भएका व्यक्तिहरु चालीस बर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन् ।"

७. **मूल नियमावलीको नियम ३.८ मा संशोधनः-** मूल नियमावलीको नियम ३.८ को उपनियम (१) मा रहेको "कम्तिमा ३० दिनको दरखास्त दिने म्याद" भन्ने शव्दहरुको सट्टा "कम्तीमा २१ दिनको दरखास्त दिने म्याद" भन्ने शव्दहरु राखिएको छ ।

८. **मूल नियमावलीमा नियम ३.८क थप :** मूल नियमावलीको नियम ३.८ पछि देहायको नियम ३.८क. थप गरिएको छः-

"३.८क. **क्यालेण्डर बनाई लागु गर्नुपर्ने** : परीक्षा सञ्चालन महाशाखाबाट खुल्ला तथा बढुवाद्वारा पदपूर्ति गर्ने सम्बन्धमा वार्षिक क्यालेण्डर तयार गरी पदपूर्ति समितिबाट स्वीकृति गराई लागू गर्नुपर्नेछ ।"

९. **मूल नियमावलीको नियम ४.२ मा संशोधनः** मूल नियमावलीको नियम ४.२ मा भएको व्यवस्थालाई उपनियम (१) कायम गरी देहायको उपनियम (२) थपिएको छः-

"(२) नियम ४.१ बमोजिम नियुक्त भएका कर्मचारीहरुलाई पदस्थापन गर्न सकिने कार्यालयहरुको विवरण उपलब्ध गराई निजहरुबाट प्राथमिकता माग गरी पदपूर्ति समितिले सिफारिस गर्दा कायम भएको योग्यताक्रमका आधारमा प्राथमिकता निर्धारण गरी पदस्थापन गर्न सकिने छ।"

१०. **मूल नियमावलीको नियम ४.३ मा संशोधन**: मूल नियमावलीको नियम ४.३ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्राधिकरणमा स्थायी सेवा गरिरहेका कर्मचारीले खुल्ला तर्फको परीक्षाबाट माथिल्लो तहमा छनौट भै नियुक्तिको लागि सिफारिश भएमा त्यस्तो निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने छैन।"

११. **मूल नियमावलीको नियम ४.११ मा संशोधन**: मूल नियमावलीको नियम ४.११ को उपनियम (१) को,-

(१) चौथो हरफमा रहेको "सिभिल इन्जिनियरिङ्ग सम्बन्धी प्राविधिक" भन्ने वाक्यांशपछि "तथा चार्टर एकाउन्टेन्ट" भन्ने शब्दहरु राखिएको छ।

(२) सातौं हरफमा रहेको "एवं" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ।

१२. **मूल नियमावलीमा नियम ४.११क थपः** मूल नियमावलीको नियम ४.११ पछि देहायको नियम ४.११क थप गरिएको छः-

"४.११क **विशेषज्ञ सेवा करार सम्वन्धी व्यवस्था**: (१) महानिर्देशकले उडान सुरक्षा सुपरीवेक्षण (सेफ्टी ओभर साइट) कार्यका लागि आवश्यक पर्ने विषेशज्ञ जनशक्ति करारको माध्यमबाट नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त हुने विशेषज्ञले प्राधिकरणमा निरीक्षक, वरिष्ठ निरीक्षक वा विषयगत विज्ञको रुपमा कार्य गर्नेछन्।

(३) उपनियम (२) बमोजिमका निरीक्षक, वरिष्ठ निरीक्षक तथा विषयगत विज्ञको लागि आवश्यक पर्ने योग्यता, अनुभव, सेवाका शर्त, पारिश्रमिक, छनौट विधि तथा अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

(४) निरीक्षक तथा वरिष्ठ निरीक्षकको न्यूनतम उमेर क्रमशः ३५ वर्ष र ४५ वर्ष तथा विषयगत विज्ञको उमेर कम्तिमा ५० वर्षको हुनेछ र निजहरुलाई प्राधिकरण सेवामा अवकाशका लागि निर्धारित उमेरको हद लागू हुनेछैन।

(५) उप-नियम (४) बमोजिम तोकिएको योग्यता तथा अनुभव हासिल गरेका व्यक्ति मध्येबाट सार्वजनिक सूचनाको माध्यमले विज्ञापन गरी उपयुक्त उम्मेदवार छनौट गरी उपनियम (२) मा उल्लेख गरिएका विषेशज्ञ जनशक्ति नियुक्ति गर्न सकिनेछ।

(६) निरीक्षक, वरिष्ठ निरीक्षकको तथा विषयगत विज्ञको करार अवधि एक वर्षको हुनेछ र उनिहरुको कार्य सम्पादनको आधारमा महानिर्देशकले करार अवधि एक एक वर्षका दरले थप गर्न सक्नेछ।"

१३. **मूल नियमावलीको नियम ४.१२क मा संशोधनः** मूल नियमावलीको नियम ४.१२ क को,-

(१) शीर्षकमा रहेको "सेवा प्रदायक संस्था मार्फत पदपूर्ति गरिने" भन्ने शीर्षकको को सट्टा "सेवा प्रदायक संस्था मार्फत सेवा लिने" भन्ने शीर्षक राखिएको छ ।

(२) उपनियम (१ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर वार्षिक कार्यक्रममा व्यवस्था नभएको र स्वीकृत बजेटभित्र नपरेको सेवामा यसरी सेवा प्रदायक संस्था मार्फत कुनै जनशक्ति आपूर्ति गरिने छैन" ।

१४. **मूल नियमावलीको नियम ४.१३क मा संशोधनः** मूल नियमावलीको नियम ४.१३क को,-

(१) "पद खारेज हुने" भन्ने शीर्षकको सट्टा "खुला प्रतियोगिता सम्बन्धी विशेष व्यवस्था" भन्ने शीर्षक राखिएको छ ।

(२) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः ।

"(१) दरवन्दी श्रृजना वा पदरिक्त भएको मितिले दुई वर्षसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार नरहेका सवै सेवाका पदहरुमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।"

१५. **मूल नियमावलीको नियम ४.१४ मा संशोधनः** मूल नियमावलीको नियम ४.१४ को सट्टा देहायको नियम ४.१४ राखिएको छः-

"४.१४ **वहाली म्याद** : सरुवा बढुवा भै वा काजमा खटिएका कर्मचारीहरुले सरुवा बढुवा भएको वा काजमा खटिएको मितिले नियम १५.२ अनुसारको बरबुझारथको समय भुक्तान हुनासाथ रमाना पत्र लिई ७ दिनभित्र खटिएको कार्यालयमा हाजिर हुन जानुपर्नेछ । यसरी खटिएको कार्यालयमा हाजिर हुन जाँदा बाटोको म्याद आवश्यक हुनेमा सो म्याद भुक्तानी हुनासाथ र त्यस्तो म्याद आवश्यक नपर्नेमा रमाना पत्र लिएको भोलिपल्ट खटिएको कार्यालयमा हाजिर हुनुपर्नेछ ।"

१६. **मूल नियमावलीको नियम ५.३ मा संशोधनः** मूल नियमावलीको नियम ५.३ को उपनियम (५) को तेस्रो हरफमा रहेको "कुनै एक गन्तव्यमा" भन्ने वाक्यांश पछि "एकमुष्ठ निश्चित रकम उपलव्ध गराई आन्तरिक पर्यटन विदामा" भन्ने शव्दावली राखिएको छ ।

१७. **मूल नियमावलीमा नियम ६.३क थपः** मूल नियमावलीको नियम ६.३ पछि देहायको नियम ६.३क. थप गरिएको छः-

"६.३ क **समूहिकृत, उपसमूहिकृत नहुने पदमा बढुवा हुने कर्मचारीको समूह तथा उपसमूह सम्बन्धी व्यवस्थाः** समूहिकृत र उपसमूहिकृत नहुने पदमा बढुवा हुने कर्मचारीको सेवा, समूह, उपसमूह निज त्यस्तो पदमा बढुवा हुनु भन्दा अघिल्लो पदको सेवा, समूह, उपसमूह नै कायम हुनेछ ।"

१८. **मूल नियमावलीको नियम ६.५ मा संशोधनः** मूल नियमावलीको नियम ६.५ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नियम ६.१ बमोजिम कार्यक्षमताको मूल्यांकनको आधारमा बढुवामा कर्मचारीको कार्यक्षमताको मूल्यांकन गर्ने आधार र सो वापत पाउने अधिकतम अंक देहाय बमोजिम हुनेछ :

(क) जेष्ठता वापत - पच्चिस

(ख) शैक्षिक योग्यता बापत -बिस

(ग) तालिम वापत - तीन

(घ) भौगोलिक क्षेत्रमा काम गरे वापत - बाह्र

(ङ) कार्यसम्पादन मूल्यांकन वापत - चालिस"

(२) उपनियम (२) को खण्ड (क) सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) हाल वहाल रहेको तहमा काम गरेको प्रत्येक वर्षको निम्ति २.५ अंकका दरले बढीमा २५ अंक प्रदान गरिने छ ।"

(३) उपनियम (४) मा रहेको " यस खण्डमा...... अंक प्रदान गरिनेछ।" भन्ने स्पष्टीकरण कायमै राखी खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) बढुवा हुने पदमा सेवा प्रवेशको निमित्त आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत एकमुष्ठ १६ (सोह्र) अंक

(ख) खण्ड (क) बमोजिम शैक्षिक योग्यता भन्दा एक तह माथिको सम्बन्धित विषयको कुनै एक शैक्षिक उपाधि वापत एकमुष्ठ ४ (चार) अंक।"

(४) उपनियम (८) पछि देहायको उपनियम (८क) थपिएको छ:-

"(८क) बढुवाको लागि अंक गणना हुने तालिममा मनोनयन गर्दा सामान्यतया जेष्ठतालाई आधार लिईने छ।"

१९. **मूल नियमावलीमा नियम ६.५क थप**: मूल नियमावलीको नियम ६.५ पछि देहायको नियम ६.५क थप गरिएको छ :-

"६.५क. **बढुवाको शर्तमा परिवर्तन** : नियम ६.५ बमोजिम वढुवाको लागि अंक प्रदान गर्ने प्रावधान रहेका उपनियमहरुमा कुनै संशोधन गर्दा त्यस्तो संशोधन भएको एक बर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ। "

२०. **मूल नियमावलीको नियम ७.४ मा संशोधन**: मूल नियमावलीको नियम ७.४ को सट्टा देहायको नियम ७.४ राखिएको छ:-

"७.४ **अध्ययन तथा तालीम पूरा गरेपछि सेवा गर्नुपर्ने अवधि**: प्राधिकरणबाट मनोनयन भई अध्ययन तथा तालिममा जाँदा कर्मचारीले त्यस्तो अध्ययन तथा तालिम पुरा गरेपछि देहाय बमोजिमको अवधिसम्म अनिवार्य रुपमा प्राधिकरणमा सेवा गर्नु पर्नेछ :-

| अध्ययन तथा तालिमको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|
| क. एक महिना सम्म | एक वर्ष |
| ख. एक महिनादेखि तीन महिना सम्म | दुई वर्ष |
| ग. तीन महिनादेखि छ महिना सम्म | तीन वर्ष |
| घ. छ महिना देखि नौ महिना सम्म | चार वर्ष |
| ङ. नौ महिना देखि एक वर्ष सम्म | पाँच वर्ष |
| च. एक वर्ष भन्दा माथि | सात वर्ष |

सामान्यतया जुन विषयमा अध्ययन तथा तालीम पूरा गरी फर्केको हो सोही विषयसँग सम्बन्धित क्षेत्रमा प्राधिकरणले काम लगाउने छ। "

२१. **मूल नियमावलीको नियम ८.३ मा संशोधन**: मूल नियमावलीको नियम ८.३ को उपनियम (१) को,-

(१) दोस्रो हरफमा रहेको "आफ्नो कार्यालयमा हाजिर हुनु पर्ने छ" भन्ने पदावलीहरुको सट्टा "आफ्नो कार्यालयमा तोकिएको हाजिरी किताब वा विद्युतीय उपकरणमा हाजिर जनाउनु पर्नेछ" भन्ने पदावली राखिएको छ।

(२) पाँचौं हरफमा रहेको "हाजिरी कितावमा" भन्ने पदावलीको सट्टा "हाजिरीमा" भन्ने शब्द राखिएको छ।

२२. **मूल नियमावलीको नियम ८.८ मा संशोधन**: मूल नियमावलीको नियम ८.८ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) प्रसुती विदा तथा प्रसुती स्याहार विदा पाएको प्राधिकरणका कर्मचारीहरुलाई बच्चाको स्याहार सम्भारको निमित्त बढीमा २ वटा बच्चाको निमित्त जनही एकमुष्ठ रु. ५,०००।- (पांच हजार) शिशु स्याहार भत्ता उपलब्ध गराइनेछ।"

२३. **मूल नियमावलीको नियम ८.९ मा संशोधन**: मूल नियमावलीको नियम ८.९ को सट्टा देहायको नियम ८.९ राखिएको छ:-

"८.९ **किरिया विदा** : (१) कुनै कर्मचारीले कूल धर्म अनुसार आफै किरिया बस्नु पर्ने भएमा वा त्यस्तो कर्मचारीको बाबु आमा, बाजे बजै, छोरा छोरी वा सासू ससूराको मृत्यु भएमा वा पुरुष कर्मचारीको हकमा निजको पत्नीको मृत्यु भएमा १५ दिन किरिया विदा पाउने छ । महिला कर्मचारीको पतिले किरिया बस्नु परेमा निजलाई पनि त्यति नै दिन किरिया विदा दिइनेछ ।

(२) किरिया विदामा बस्दा कर्मचारीले पुरा तलब पाउनेछ ।

(३) उपनियम (१) बमोजिम विदा लिने कर्मचारीले विदा पछि कार्यालयमा हाजिर भएको १ महिना भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्ति सँगको नाता प्रमाणित पत्र पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवधि भित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने कर्मचारीलाई त्यस्तो विदाको अवधि निजको अन्य विदाबाट कट्टि गरिनेछ ।"

२४. **मूल नियमावलीको नियम ८.१२ मा संशोधनः** मूल नियमावलीको नियम ८.१२ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) प्राधिकरण सेवालाई उपयोगी र आवश्यक पर्ने बिषयमा नेपाल सरकार वा प्राधिकरणलाई प्राप्त भएको वैदेशिक छात्रवृत्तिमा प्राधिकरणको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर विभागीय प्रतियोगितामा छानिई वा प्राधिकरणबाट मनोनयन भई अध्ययन गर्न जाने कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ ।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन्:-

" (१क) आफू कार्यरत सेवा, समूह, उपसमूहलाई उपयोगी र आवश्यक हुने कुनै बिषयमा स्वदेश स्थित कुनै विश्वविद्यालय वा त्यस अन्तर्गतको कुनै अध्ययन संस्थान वा संकायबाट प्राप्त छात्रवृत्ति वा कोटामा वा प्राधिकरणको खर्चमा अध्ययनको लागि मनोनयन गर्न सम्बन्धित विभाग/कार्यालय/ निकायले सिफारिस गरी ठाएकोमा महानिर्देशकबाट स्वीकृत भएमा त्यस्ता कर्मचारीलाई सो अध्ययन अवधिभर विदा दिन सकिनेछ ।

(१ख) आफू कार्यरत सेवा, समूह वा उपसमूहको लागि उपयोगी र आवश्यक हुने बिषयमा नेपाल सरकार वा नेपाल नागरिक उड्डयन प्राधिकरण सदस्य रहेका अन्तर्राष्ट्रिय संस्थाबाट छात्रवृत्ति प्राप्त गर्ने गरी प्राधिकरणको पूर्व स्वीकृति लिई विश्वव्यापी प्रतिस्पर्धामा छनौट भई विदेशमा अध्ययन वा तालीममा सहभागी हुने अवसर पाएका कर्मचारीलाई समेत उपनियम (१) बमोजिम मनोनयन गरी अध्ययनको लागि अध्ययन विदा र तालीमको लागि तालीम काज दिन सकिनेछ ।"

२५. **मूल नियमावलीको नियम ९.८ मा थपः** मूल नियमावलीको नियम ९.८ को उपनियम (११) पछि देहायको उपनियम (१२) थपिएको छः-

" (१२) नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा वीसबर्ष वा सो भन्दा बढी अवधि सेवा गरी निवृत्तिभरण पाउने गरी सेवा निवृत्त भएका कर्मचारीहरुलाई सम्बन्धित कर्मचारीले मात्र पाउने र तिनका सन्ततीले सो सुविधा नपाउने गरी बार्षिक रु. ३५००।- (तीन हजार पांच सयमात्र) औषधि उपचार खर्च उपलव्ध गराइनेछ । "

२६. **मूल नियमावलीमा नियम ९.११क थपः** मूल नियमावलीको नियम ९.११ पछि देहायको नियम ९.११क थपिएको छ :-

"९.११क **विशेष आर्थिक सुविधा :** कुनै कर्मचारीको सेवामा छदै मुत्यु भएमा निजको परिवारलाई दाहसंस्कार तथा किरिया खर्च वापत एकमुष्ठ रु. १,५०,०००।- (एक लाख पचास हजार) दिइनेछ ।"

२७. **मूल नियमावलीमा नियम १०.६ख, १०.६ग र १०.६घ थपः** मूल नियमावलीको नियम १०.६क पछि देहायका नियम १०.६ख, १०.६ग र १०.६घ थपिएका छन् :-

"१०.६ख. **थप निवृत्तिभरण पाउनेः** प्राधिकरणबाट निवृत्तिभरण लिईरहेका ७० वर्ष र ८० वर्ष उमेर पूरा गरेका सेवानिवृत्त कर्मचारीहरुलाई निजहरुले खाईपाई आएको निवृत्तिभरणमा क्रमश : १०% र २०% उपचार खर्च थप गरी निवृत्तिभरण उपलब्ध गराइनेछ ।

१०.६ग **सेवा निवृत्त सुविधा फाराम** : सेवाबाट अवकास भई नियमानुसार सुविधा लिन आउने कर्मचारीले अनुसूची १६ बमोजिमको फाराम भरी ने.ना.उ.प्रा. प्रधान कार्यालयमा बुझाई सुविधा माग गर्नुपर्नेछ ।

१०.६घ **उपदान वा निवृत्तिभरणका लागि सेवा अवधि गणना हुने**: ऐनको दफा ३२ बमोजिम प्राधिकरणको सेवामा परिणत भएका कर्मचारीहरुले यो नियम प्रारम्भ भएको मितिले ६० दिनभित्र निवेदन दिएमा निजले प्राधिकरणको सेवामा परिणत हुनुपूर्व सरकारी सेवामा काम गरेको सेवा अवधि समेत जोडी निवृत्तिभरण वा उपदान प्रयोजनार्थ देहाय बमोजिम हालको सेवा अवधिमा गणना गरिनेछ :-

(क) प्राधिकरणको सेवामा परिणत हुनुपूर्व सरकारी सेवामा साधारण वा विकास तर्फको पदमा निरन्तर गरेको अस्थायी सेवा अवधिको पचहत्तर प्रतिशत सेवा गणना हुने ।

(ख) प्राधिकरणको सेवामा परिणत हुनुपूर्व सरकारी सेवामा स्थायी भई कार्य गरेको र पुनः अर्को सरकारी स्थायी सेवामा नियुक्त भएकोमा पहिलेको सेवा नजोडिएको भए त्यस्तो सेवा अवधिको पचहत्तर प्रतिशत गणना हुने ।

तर खण्ड (ख) बमोजिम सेवा जोड्दा पहिलेको सेवा वापत उपदान लिइसकेको भए निजको सेवाबाट अवकास हुँदा पहिले लिएको उपदान बराबरको रकम कटाइ बाँकी मात्र भुक्तानी गरिनेछ ।"

२८. **मूल नियमावलीमा नियम १०.७क र नियम १०.७ख थप**: मूल नियमावलीको नियम १०.७ पछि देहायका नियम १०.७क र नियम १०.७ख थपिएका छन्:-

"१०.७क **अशक्त वृत्ति सम्वन्धी व्यवस्था** : (१) प्राधिकरणको कुनै कर्मचारी प्राधिकरणको कामको सिलसिलामा दुर्घटनामा परी अंगभंग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रुपमा सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीले निजको जीविकाको निमित्त बाँचुन्जेलसम्म अशक्तवृत्तिको रुपमा उपनियम (२) मा लेखिए बमोजिमको निवृत्तभरण सहित उपनियम (३) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउनेछ ।

(२) उपनियम (१) बमोजिम अशक्त भएको कर्मचारी यदि निवृत्तभरण पाउने अवस्थाको भए निजले तत्काल खाइपाई आएको (कायम मुकायम भै काम गरेको वा नियम ४.९ को उपनियम (४) बमोजिम निमित्त भै काम गरेको भए सोको समेत) तलबले नियम १०.६ बमोजिम हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तभरणका साथै निजको शुरु तलब स्केलको २० प्रतिशतका दरले मासिक अशक्त भत्ता समेत पाउनेछ ।

(३) उपनियम (१) बमोजिम अशक्त भएको कर्मचारी यदि उपदान पाउने अवस्थाको भए सेवा गरेको प्रत्येक बर्षका लागि निजको शुरु तलब स्केलको २० प्रतिशतका दरले एकमुष्ठ अशक्त भत्ता पाउनेछ ।

(४) उपनियम (१) बमोजिम चोटपटक लाग्न गई उपचार गराउँदा लाग्ने उपचार खर्चको शत प्रतिशत रकम सम्बन्धित कर्मचारीले पाउनेछ । यस्तो उपचार खर्च पाएको कारणले त्यस्तो कर्मचारीले पछि बिरामी हुँदा नियम ९.८ को उपनियम (१) बमोजिम पाउन सक्ने उपचार खर्च पाउनमा कुनै बाधा पुऱ्याएको मानिनै छैन ।

**स्पष्टीकरण** : अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका प्राधिकरण कर्मचारीले पछि प्राधिकरणको सेवामा पुनः प्रवेश पाएमा निजले यो नियममा लेखिएको अशक्तवृत्ति पाउनेछैन । तर खाइपाई सकेको अशक्तवृत्ति वा अतिरिक्त आर्थिक सहायता रकम भने फिर्ता गर्नु पर्ने छैन ।

(५) अशक्तवृत्ति पाउने ठहरिएको वा पाइरहेको प्राधिकरणको कुनै कर्मचारीको मृत्यु सो अशक्तवृत्ति पाउन शुरु भएको मितिले सात वर्षभित्र भएमा सो सात वर्ष पूरा हुन बाँकी अवधि बापत पाउने अशक्तवृत्ति अनुदानको रुपमा एकमुष्ट रकम नियम १०.७ को उपनियम (१) बमोजिमको परिवारका सदस्यलाई दिइनेछ ।

(६) प्राधिकरणको कुनै कर्मचारीले जानाजान आफ्नै गम्भीर लापरवाहीले गर्दा अंगभंग भएको वा चोट पटक लागेको कारणले अशक्त भएकोमा भने यस नियम बमोजिमको सुविधा पाउनेछैन ।

१०.७ख **शैक्षिक तथा सन्तती वृत्ति** : (१) प्राधिकरणको कुनै कर्मचारीको प्राधिकरणकै कामको सिलसिलमा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृत वा अशक्त कर्मचारीको बढीमा दुई सन्ततिलाई अठार वर्षको उमेर नपुगुन्जेल देहायको दरले वार्षिक शैक्षिक वृत्ति दिइनेछ :-

(क) अधिकृतस्तरको कर्मचारीको प्रत्येक सन्ततिलाई दुई हजार चारसय रुपैयाँ,

(ख) सहायकस्तर र श्रेणीविहीन कर्मचारीको प्रत्येक सन्ततिलाई एक हजार आठसय रुपैयाँ ।

(२) प्राधिकरणको कामको सिलसिलामा मृत्यु भएको प्राधिकरणको कर्मचारीको बढीमा दुई सन्ततिलाई उपनियम (१) बमोजिमको शैक्षिक वृत्ति लगायत मृत कर्मचारी बहाल रहेको पदको शुरु तलब स्केलको देहाय बमोजिमको प्रतिशतका दरले मासिक सन्तति वृत्ति समेत दिइनेछः–

| **कर्मचारीको पद तथा तह** | **शुरु तलवको प्रतिशत** |
|---|---|
| (क) महानिर्देशक र बाह्रौं तह | - ७ |
| (ख) दशौं र एघारौं तह | - ८ |
| (ग) आठौं र नवौंतह | - १० |
| (घ) छैठौं र सातौं | - १२ |
| (ङ) पांचौं तह | - १२ |
| (च) तेश्रो र चौथो तह | - १२ |
| (झ) पहिलो र दोश्रो तह | - १५ |

(३) उपनियम (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले अठार वर्ष उमेर पूरा नगरेसम्म पाउनेछ ।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागि "सन्तति" भन्नाले सम्बन्धित कर्मचारीको छोरा वा छोरी सम्झनु पर्छ ।"

२९. **मूल नियमावलीको नियम १२.४ मा संशोधन**: मूल नियमावलीको नियम १२.४ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) एकपटक प्रोत्साही पुरस्कार पाईसकेको कर्मचारी त्यस्तो पुरस्कार पाएको मितिले ५ (पाँच) वर्ष पूरा भएपछि मात्र पुनः त्यस्तो पुरस्कारको लागि योग्य हुनेछ ।"

**३०. मूल नियमावलीमा अनुसूची १६ र अनुसूची १७ थपः** मूल नियमावलीको अनुसूची १५ पछि यसैसाथ संलग्न अनुसूची १६ र १७ राखिएका छन् ।

३१. **झिकिएको**: (१) मूल नियमावलीको नियम ४.१ को उपनियम (२) र नियम ४.१३क. को उपनियम (२) झिकिएका छन् ।

३२. **खारेजी**: मूल नियमावलीको नियम ३.११ खारेज गरिएको छ ।

## अनुसूचीहरुमा संशोधन

३३. **<u>मूल नियमावलीको अनुसूची ३ मा संशोधन:</u>** मूल नियमावलीको अनुसूची ३ को प्राविधिक सेवा अन्तर्गतका समूह उपसमूहहरुलाई देहाय बमोजिम संशोधन गर्ने :

२. **<u>प्राविधिक सेवा</u>**

समूह

(क) सिभिल इन्जिनीयरिङ्ग
(ख) इलेक्ट्रिकल इन्जिनीयरिङ्ग
(ग) मेकानिकल इन्जिनीयरिङ्ग
(घ) एरोनटिकल इन्जिनीयरिङ्ग
*(ङ०)* इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनीयरिंग
*(च) एयर ट्राफिक सर्भिसेज*
*(छ) एभिएशन फायर सर्भिसेज*
*(ज) ल्फाइट अपरेशन सर्भिसेज*
*(झ) एयरपोर्ट अपरेशन सर्भिसेज*
(ञ) सूचना प्रविधि
(ट) विविध : यस समूह अन्तर्गत रहने पदहरु
कम्प्यूटर प्रोग्रामर, कम्प्यूटर अपरेटर, टेलिफोन अपरेटर, क्यामेरामेन, एनाउन्सर, लिफ्ट अपरेटर, व्यागेज ट्रली अपरेटर, फोटोकपि अपरेटर, हाल बहाल रहेका तर माथि कुनै पनि सेवा समूह र उपसमूहमा नपरेका पदहरु ।

**<u>द्रष्टव्य</u>** : प्राधिकरणको संगठन संरचनामा साविकमा प्राविधिक सेवा, सिभिल एभिएशन अपरेशन समूह अन्तर्गत (क) एयर ट्राफिक सर्भिसेज, (ख) एभिएशन फायर सर्भिसेज र (ग) ल्फाइट अपरेशन सर्भिसेज उपसमूहमा परेका पदहरु संशोधित व्यवस्था अनुसार (च) एयर ट्राफिक सर्भिसेज समूह, (छ) एभिएशन फायर सर्भिसेज समूह र (ज) ल्फाइट अपरेशन सर्भिसेज समूहमा स्वतः कायम हुनेछन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
कर्मचारीहरुको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५६

**अनुसूची १६**

# उपादान/निवृत्तिभरणको निवेदन फाराम (सेवा निवृत्त कर्मचारीले भर्ने)

**(नियम १०.६क संग सम्बन्धित)**

श्री मान् ................................ज्यू
प्रशासन विभाग
नेपाल नागरिक उड्डयन प्राधिकरण
बबरमहल काठमाडौं ।

यस नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवाबाट मैले देहाय बमोजिम अवकास लिएको र मैले हालसम्म सेवा निवृत्त कर्मचारीले पाउने निवृत्तिभरण/उपादान लगायतको कुनै सुविधा नलिएको हुदा नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरूको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली २०५६ बमोजिम सेवा निवृत कर्मचारीले पाउने निम्न बमोजिमको रकम उपलव्ध गराईदिनुहुन यो निवेदन फाराम भरी पेश गरेको छु ।

निवृत्तिभरण वा उपादान मध्ये कर्मचारीले पाउने/इच्छाएको विवरण के हो उल्लेख गर्ने :.........................

| | |
|---|---|
| कर्मचारीको विवरण<br>कर्मचारीको नाम ,थर...........................<br>पद..................................................<br>संकेत नं....................<br>तह.........................<br>अवकासको लागि गणना हुने जन्म मिति..............<br>शुरु भर्ना मिति................................<br>अवकास मिति...................................<br>अवकासको किसिम.................................<br><br>असाधारण विदा सम्बन्धी विवरण<br>१) मिति<br>...............................देखि...................................सम्म<br>२) मिति<br>...............................देखि...................................सम्म<br>३) मिति<br>...............................देखि...................................सम्म<br>४) मिति<br>...............................देखि...................................सम्म<br>गरी जम्मा ..........वर्ष................महिना.............दिन लिएको<br><br>गयल कट्टी सम्बन्धी विवरण<br>१) मिति<br>...............................देखि...................................सम्म<br>२) मिति<br>...............................देखि...................................सम्म<br>३) मिति<br>...............................देखि...................................सम्म | स्थायी ठेगाना:<br>जिल्ला :<br>गाउँ/नगर :<br>वडा नं. :<br><br>अस्थायी वा बसोवासको ठेगाना:<br>जिल्ला :<br>गाउँ/नगर :<br>वडा नं. :<br>सम्पर्क नम्बर :<br><br>इच्छाएको व्यक्तिको नाम र सम्बन्ध<br>१)..........................................................<br>(....................)<br>२)<br>..........................................................<br>(....................)<br>३)..........................................................<br>(....................)<br><br>कट्टी हुने औषधि उपचार खर्च लिएको विवरण<br>विभिन्न मितिमा गरी जम्मा ........................<br>.................................लिएको ठीक साँचो हो<br><br>अन्य विवरण भए खुलाउने<br>१).............................................<br>२).............................................<br>३)............................................. |

| | |
|---|---|
| अन्य विभागीग कारवाही भए नभएको विवरण............. ........................................................... | |

मैले जाने/बुझेसम्म माथि उल्लेखित विवरण ठीक साँचो हो । यसमा फरक पर्दैन । फरक परेमा प्रचलित कानून बमोजिम हुने जुनसुकै कारवाही सहन/भोग्न तयार छु भनी यो निवेदनपत्रमा सही गरिदिएँ ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको दस्तखत :
निवेदकको नाम :
सेवा निवृत्त हुदाको पद :
सेवा निवृत्त हुदाको कार्यालय :

मिति

अनुसूचि १७
नियम १०.६क संग सम्बन्धित
उपादान/निवृत्तिभरणको निवेदन फाराम (इच्छ्याइएको वा हकवाला व्यक्तिले भर्ने)

श्री मान् ...............................ज्यू
प्रशासन विभाग, नेपाल नागरिक उड्डयन प्राधिकरण
बबरमहल काठमाडौं ।

मेरा ................श्री..................................................यस नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्यरत रहेकोमा निजको मिति .........................मा मृत्यु भएको र निजको नजिकको हकवाला निजको ....................म श्री .......................ले हालसम्म नियमानुसार पाउने निवृत्तिभरण/उपादान लगायतको कुनै सुविधा नलिएको हुदा नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरूको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली २०५६ बमोजिम सेवा निवृत कर्मचारीले पाउने निम्न बमोजिमको रकम उपलव्ध गराईदिनुहुन यो निवेदन फाराम भरी पेश गरेको छु ।

निवृत्तिभरण वा उपादान मध्ये कर्मचारीले पाउने/इच्छाएको विवरण के हो उल्लेख गर्ने :..........................

| | |
|---|---|
| <u>कर्मचारीको विवरण</u><br><br>कर्मचारीको नाम ,थर............................<br>पद....................................................<br>संकेत नं.....................<br>तह..........................<br>अवकासको लागि गणना हुने जन्म मिति...............<br>शुरु भर्ना मिति..................................<br>कर्मचारीको मृत्युभएको मिति...................................<br><u>असाधारण विदा सम्बन्धी विवरण</u><br>१) मिति<br>...............................देखि..................................सम्म<br>२) मिति<br>...............................देखि..................................सम्म<br>3) मिति<br>...............................देखि..................................सम्म<br>४) मिति<br>...............................देखि..................................सम्म<br>गरी जम्मा ...........वर्ष.................महिना..............दिन लिएको<br><br><u>गयल कट्टी सम्बन्धी विवरण</u><br>१) मिति<br>...............................देखि..................................सम्म<br>२) मिति<br>...............................देखि..................................सम्म<br>3) मिति<br>...............................देखि..................................सम्म | <u>स्थायी ठेगाना:</u><br>जिल्ला :<br>गाउँ/नगर :<br>वडा नं. :<br><br><u>अस्थायी वा बसोवासको ठेगाना:</u><br>जिल्ला :<br>गाउँ/नगर :<br>वडा नं. :<br>सम्पर्क नम्बर :<br><br><u>कट्टी हुने औषधि उपचार खर्च लिएको विवरण</u><br>विभिन्न मितिमा गरी जम्मा ........................ ..................................लिएको ठीक साँचो हो ।<br><br><u>अन्य विवरण भए खुलाउने</u><br>१)..............................................<br>२)..............................................<br>3)............................................... |

| | |
|---|---|
| *अन्य विभागीय कारवाही भए नभएको विवरण............*<br>*..........................................................* | |

*मैले जाने/बुझेसम्म माथि उल्लेखित विवरण ठीक साँचो हो । यसमा फरक पर्दैन । फरक परेमा प्रचलित कानून सहँला बुझाउँला भनी यो निवेदनपत्रमा सही गरिदिएँ ।*

*निवेदकको दस्तखत :*
*निवेदकको नाम :*
*निवेदकको नाता :*
*निवेदक सेवा निवृत्त हुदाको कार्यालय :*

| *दायाँ* | *बायाँ* |
|---|---|
| | |

*मिति*

**३६. मूल नियमावलीमा रहेका टाइपिङ्ग एवं भाषिक त्रुटीहरु सच्याउने**

मौजुदा नियमावलीमा प्रयोग भएका र भाषिक दृष्टिले अनुपयुक्त (त्रुटीपूर्ण) देखिएका शव्दावलीलाई आशयमा फरक नपर्ने गरी देहाय बमोजिम सच्याउने/संशोधन गर्ने:

| | **नियम, उप नियम, खण्ड** | **मौजुदा शब्द** | **संशोधन गर्ने शब्द** |
|---|---|---|---|
| क | ३.२ (२) | देहाएका समूहको | निम्न उल्लेखित |
| ख | ३.६(क) | तह | स्तर |
| ग | ४.११ | व्यक्तिलाई | उम्मेदवारलाई |
| घ | ४.१२ क | पदपूर्ति गरिने | सेवा लिइने |
| ङ | ६.७(३) | बाह्रौ तहको अधिकृत कर्मचारी | बाह्रौ तहको अधिकृत कर्मचारी र विभागीय प्रमुख |

| | | | |
|---|---|---|---|
| च | ६.७.४ | विभागीय प्रमुखको कार्य सम्पादन | झिक्ने |
| छ | ७.१(२) | तह | स्तर |
| ज | ८.५ | "बाह्र दिन भैपरी आउने र पर्व विदा" | "भैपरी र पर्व गरी जम्मा बाह्र" |
| झ | ८.७ | चिकित्सकको प्रमाणपत्र | चिकित्सकद्वारा प्रमाणित गरिएको पत्र |
| ञ | ९.८(११) | अधिराज्य | राज्य |
| ट | १०.५ (घ) | २० वर्ष वा सो भन्दा बढी | २० वर्ष भन्दा बढी २५ वर्ष भन्दा कम |
| ठ | १०.५ (घ) | २५ वर्ष भन्दा बढी | २५ वर्ष वा सो भन्दा बढी |